नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

# प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना

## परियोजना कार्यान्वयन इकाई

## सुन्तलाजात फलफूल-जोन, नवलपरासी (ब. सु. पूर्व)

### कार्यक्रम संचालनका लागि माग पत्र पेश गर्ने सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७५/०९/०२

यस परियोजनाको आर्थिक बर्ष २०७५/०७६ को वार्षिक कार्यक्रम अनुसार नवलपरासी (बर्दघाट-सुस्ता पूर्व) जिल्लाका बौदीकाली गाउंपालिका ४,५,६, बुलिङ्गटार गाउंपालीका १ देखि ६, हुप्सेकोट गाउंपालीका ५, गैडाकोट नगरपलिका १८ र देवचुली नगरपालीकाको वडा नं ६ मा सुन्तलाजात फलफूल बालीमा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम संचालनमा आएको व्यहोरा जानकारी गराउंदै कार्यक्रम संचालन भएका स्थानहरुमा चालु आर्थिक मा संचालन हुने तपशिल अनुसारका कार्यक्रम संचालनका लागि परियोजना कार्यान्वयन ईकाईमा सूचिकृत भएका कृषक समूह/सहकारी/जलउपभोक्ता समिति/कृषक उद्यमीहरुबाट सूचना प्रकाशन भएको मितिले २१ दिन अर्थात २०७५ साल पौष २२ गते भित्र तपशिलमा उल्लेखित विवरण सहित प्रस्ताव पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. पोष्ट हार्भेष्ट सेन्टर स्थापना/संकलन केन्द्र स्थापना (बाली उत्पादनोपरान्त गरिने क्रियाकलापको लागि आवश्यक सहयोग) बढिमा ८५ प्रतिशत अनुदान सहयोग ।

२. सुन्तलाजात फलफूल बालीको व्यवसायिक उत्पादन तथा प्रशोधनका लागि प्रयोग हुने साना मेसीनरी औजार उपकरणहरु बढीमा ५० प्रतिशत अनुदानमा वितरण ।

३. सिचाईको पूर्वाधार निर्माण तथा सोलार लिफ्टिङ्ग सिचाइ स्कीम संचालनमा बढीमा ८५ प्रतिशत अनुदान सहयोग ।

४. भकारो सुधार कार्यक्रम ५० वटा (स्थानीय श्रोत र साधनमा अधिकतम् लागत सहभागीता गर्ने र एकै स्थानमा ४० वटा भन्दा बढी निर्माण गर्ने समुदायलाई प्राथमिकता दिइने छ) ।

पेश गर्नु पर्ने आवश्यक कागजपत्रहरु:

१. रु १० को हुलाक टिकट सहितको निवेदन ।
२. समूह/सहकारी/ कृषि उद्यमीहरुको दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. कार्यक्रम माग सम्वन्धी बैठकको निर्णयको प्रतिलिपि ।
४. भौतिक निर्माण गरिने भएमा जमीनको जग्गाधनी प्रमाण पत्रको प्रतिलिपि थान १(एक) आफ्नो स्वामित्वमा नभै भाडामा लिएको अवस्थामा १० (दश) वर्षको संझौता वा मंजुरीनामा गरेको कागजको प्रतिलिपि।
५. भौतिक निर्माणको लागत अनुमान सहितको प्रस्ताव ।
६. परियोजना कार्यान्वयन इकाईवाट उपलब्ध गराइएको कार्यक्रम सम्वन्धी फर्मेट

**नोट: अन्य थप जानकारीका लागि परियोजना कार्यान्वयन इकाइको कार्यालय, नवलपरासीको सम्पर्क फोन नं. ९८५८०६००३१ मा सम्पर्क गर्नु हुन अनुरोध छ।**

परियोजना कार्यान्वयन इकाई
दलदले बजार, नवलपरासी (ब सु पूर्व)

Scanned by CamScanner